# भूमिकास्थान नगरपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन, २०७७

नगरसभाबाट स्वीकृत मिति: २०७७/०९/२९

# भूमिकास्थान नगरपालिका

नुवाकोट, अर्घाखाँची

# भूमिकास्थान नगरपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन

नगरसभाबाट स्वीकृत मिति: २०७७/०९/२९

प्रस्तावना: भूमिकास्थान नगरपालिका शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले भूमिकास्थान नगर सभाले यो ऐन बनाएकोछ।

१, संक्षिप्त नाम, विस्तार र प्रारम्भ: (१) यस ऐनको नाम "भूमिकास्थान नगरपालिका शिक्षा (पहिलो संशोधन) ऐन, २०७७" रहेकोछ।

(२) यो ऐन भूमिकास्थान नगरपालिका क्षेत्रभर लागु हुनेछ।

२, मूल ऐनको दफा १ को उप दफा (३) मा संशोधन "परिषदको बैठकले" भन्ने शब्दको सट्टा "नगर सभाले" भन्ने शब्द थपिएकोछ।

३, मूल ऐनको दफा २ को खण्ड (क) मा भएको "पूर्व प्राथमिक विद्यालय" को सट्टा "प्रारम्भिक बाल शिक्षा" वाक्यशं थप गरिएको।

दफा (२) को खण्ड (ट) हटाइएको।

दफा (२) को खण्ड (ल) मा थप "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तरगत बनेका नियममा तोकिएको बमोजिम सम्झनु पर्छ।

४, मूल ऐनको दफा ३ को उप दफा (७) को देहाय बमोजिम राखिएको छ:-

"बाल विकास कक्षाको अनुमति सन्बन्धित वडा कार्यलयको सिफारिसमा नगरपालिकाले प्रदान गर्नेछ" भन्ने वाक्य थपिएको छ।

५, मूल ऐनको दफा ४ को उप दफामा भएको व्यवस्था हटाइ उप दफा (१) थप गरी "विद्यालयको परीक्षा संचालन, व्यवस्थापन तोकिए बमोजिम हुनेछ" भन्ने वाक्य थपिएको छ।

६, मूल ऐनको दफा ४ क थप "४.क आधारभूत तह उत्रीर्ण परीक्षा सन्बन्धी सम्बन्धी व्यवस्था: (१) आधारभूत तहको परीक्षा संचालन, ब्यवस्थापन र रेखदेख गर्न देहाय बमोजिमको एक समिति हुनेछ;-

(क) नगरप्रमुख — अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) आधारभूत तहमा अध्यापन गर्ने स्थायी शिक्षकहरु मध्ये परीक्षा समितिले मनोनित गरेको दुईजना सदस्य

(घ) शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख — सदस्य सचिव

समितिको बैठकमा नेपाल शिक्षक महासंघ नगर समिति अध्यक्ष वा प्रतिनिधि र संस्थागत विद्यालयका प्र.अ.हरुलाई बैटकमा बोलाउनु पर्नेछ।

(२) समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

७. मुल ऐनको दफा ७ को उप दफामा "विद्यालयमा संघ, प्रदेस र स्थानीय सरकार" को सट्टा "विद्यालयले नेपाल सरकार"भन्ने वाक्यशं थपिएको छ।

८, मुल ऐनको दफा ८ को उप दफा (१) मा देहाय बमोजिम संशोधन गरिएको छ:

उप दफा (१) खण्ड (क) मा "क१" थप "नगर उप प्रमुख सदस्य"

उप दफा (१) खण्ड (ग) को सट्टा खण्ड (ग१) थप "नगरपालिकाले तोकेको नगरपालिकाको कार्यपालिका सदस्यहरु मध्येबाट कम्तिमा एकजना महिला सहित दुई जना सदस्य"

उप दफा (१) खण्ड (छ) मा थप नगरपालिका भन्ने शब्दको पछि "क्षेत्र भित्र रहेका" सामुदयिक पछि "संस्थागत" र नगर समिति भन्ने शब्द हटाइ "नगरपालिकाले" भन्ने शब्द थप ।

उप दफा (१) को खण्ड (ज) मा भएको व्यवस्था हटाइ खण्ड (ज१) थप "स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरु मध्येबाट नगर शिक्षा समितिबाट मनोनित एक जना दलित र दुईजना महिला सहित तीनजना सदस्य" थप ।

उप दफा (१) खण्ड (झ) मा भएको व्यवस्थामा थप घट "सामुदायिक" भन्ने शब्द हटाइ "नगर क्षेत्र भित्र रहेका" र नगर पछि "शिक्षा" भन्ने वाक्यशं थप ।

उप दफा (१) खण्ड (ञ) मा भएको व्यवस्थामा हटाइ खण्ड (ञ१) थप "नगरपालिका स्थित बिशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा संचालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिले मनोनित गरेको अपाङ्गता भएका व्यक्ति एक जना सदस्य"

उप दफा (१) खण्ड (ट) मा भएको "नगर शिक्षा अधिकृत" को सट्टा "शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख" भन्ने वाक्यशं थप ।

मुल ऐनको दफा (८) को उपदफा (१) को (घ) र (च) खारेज गरिएको छ ।

९. मुल ऐनको दफा ९ मा देहाय बमोजिम संशोधन गरिएकोछ: दफा ९ (१) को खण्ड (क) मा संशोधन "अभिभावकहरु मध्ये आफु मध्येबाट छानी पठाएका भन्ने वाक्यशंको पछिको वाक्यशं हटाइ "दुई जना महिला सहित चार जना" भन्ने वाक्यशं थप ।

दफा ९ (१) को खण्ड (ख) खारेज गरी खण्ड (ख१) थप गरिएको "विद्यालय रहेको नगरपालिकाको सम्बन्धित वडाको वडाध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य सदस्य" भन्ने वाक्यशं थप ।

दफा ९ (१) को खण्ड (ग) खारेज गरी खण्ड (ग१) थप गरिएको "विद्यालयका संस्थापक, स्थानीय वुध्दिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश बर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुईजना सदस्य" भन्ने वाक्यशं थप ।

दफा ९ (१) को खण्ड (घ) खारेज गरी खण्ड (घ१) "विद्यालय शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना सदस्य" भन्ने वाक्यशं थप ।

दफा ९ (१) को खण्ड (च) पछि कोष्टकमा रहेको वाक्यशं हटाइएको छ।

दफा ९ को उपदफा (१अ) थप "प्राविधिक तथा व्यवसायिक बिषयमा अध्यन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरस्तरका उद्योग तथा वाणिज्य महासंघका दुइजना प्रतिनिधि सदस्य रहनेछन्" भन्ने वाक्यशं थप ।

दफा ९ को उपदफा (१आ) थप "विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख१) वा (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ" वाक्यशं थप ।

दफा ९ को उपदफा (१इ) थप "विद्यालय व्यवस्थापन समितिको अध्यक्ष नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ" भन्ने वाक्यशं थप ।

मुल ऐनको दफा ९ को उपदफा (२) को खण्ड (क) मा थपघट ‘‘नगर शिक्षा अधिकृत’’ को सट्टा ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्ने शब्द थप।

दफा ९ को उपदफा (२) को खण्ड (घ), (च) र (छ) हटाइएको छ।

१०, मुल ऐनको दफा २३ मा देहाय बमोजिम संशोधन गरिएको छ:

दफा २३ को उपदफा (२) मा भएको ‘‘नगर शिक्षा अधिकृत’’ को सट्टा ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्ने शब्द थप।

दफा २३ को उपदफा (३) मा भएको ‘‘नगर शिक्षा अधिकृत’’ को सट्टा ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्ने शब्द थप।

दफा २३ को उपदफा (४) मा भएको ‘‘नगर शिक्षा अधिकृत’’ को सट्टा ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्ने शब्द थप।

११, मुल ऐनको दफा २३ पछि देहाय बमोजिम संशोधन गरिएकोछ: दफा २३क, थप ‘‘करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था’’: (१) ‘‘सामुदायिक विद्यालयमा रिक्त रहेको दरवन्दी तथा राहत अनुदान कोटामा शिक्षक नियुक्तिगर्नका लागि विद्यालयले अनुमति माग गर्नेछ। यसरी विद्यालयबाट नियुक्तिका लागि अनुमति माग भए बमोजिम रिक्त हो वा होइन दरवन्दी भिडाइ नियमानुसार अनुमति दिनु पर्नेछ। सो को जानकारी शिक्षा विकास तथा समन्वय इकाइमा दिनु पर्नेछ’’।

(२) शिक्षक नियुक्ति सम्बन्धी अन्य प्रकृया तोकिए वमोजिम हुनेछ। भन्ने वाक्य थप

१२, मुल ऐनको दफा २९ मा देहाय बमोजिम संशोधन गरिएकोछ:

दफा २९ को वाक्यशंको ‘‘नियम पछि निर्देशिका, कार्यविधि र मापदण्ड’’ भन्ने शब्दहरु थप।